काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, काठमाडौं, नेपाल


पत्र संख्याः- ०८०।८१
चलानी नं.:- ७८२

मिति २०८०।०८।१०

विषय: पाठ्यपुस्तक सम्बन्धमा ।

श्री सवै विद्यालय
काठमाडौं महानगरपालिका।

शिक्षा ऐन, २०२८ को दफा ८ तथा शिक्षा नियमावली, २०५९ को नियम ३१ बमोजिम विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्नुपर्ने र सोही ऐनको दफा १२ को उपदफा (७) को खण्ड (ङ) मा संस्थागत विद्यालयले नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्नुपर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरु पढाउन आवश्यक देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदको स्वीकृति लिनुपर्ने प्रावधान रहेको एवम् काठमाडौं महानगरपालिकाको शिक्षा ऐन, २०७५ (संशोधनसहित) बमोजिम महानगरपालिका क्षेत्रभित्रका विद्यालयले महानगरपालिकाले तोकेबमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू पर्नेछ भन्ने व्यवस्था गरेको व्यहोरा विदितै छ।

उल्लिखित प्रावधान विपरीत केही विद्यालयले स्वीकृत नभएका पाठ्यक्रम तथा पाठ्यपुस्तक पठनपाठन गरेको र पाठ्यपुस्तक किन्नका लागि विद्यार्थी तथा अभिभावकलाई बाध्य गर्ने गरेको गुनासोप्रति काठमाडौं महानगरपालिका, शिक्षा विभागको गम्भीर ध्यानाकर्षण भएको छ । अत: नेपाल सरकारबाट स्वीकृत र पाठ्यक्रम विकास केन्द्र, सानोठिमीमा सूचीकृत भएका पाठ्यपुस्तक मात्र (अंग्रेजी व्याकरण तथा अंग्रेजी शब्दकोष बाहेक) पठनपाठन गर्ने व्यवस्थाका लागि सवै विद्यालयलाई सूचित गरिन्छ । कुनै विद्यालयले यस सूचना विपरीत पाठयक्रम तथा पाठ्यपुस्तक लागू गरेको पाइएमा काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ (संशोधनसहित) बमोजिम आवश्यक कार्यवाही हुने व्यहोरा सम्बन्धित सवैको लागि जानकारीका लागि अनुरोध छ ।

(सीताराम कोइराला)
शिक्षा अधिकारी


फोन नं.: +९७७-१-४२३१४८१ (प्रमुख), +९७७-१-४२३१४२९ (उप-प्रमुख), +९७७-१-४२३२८९२ (प्रमुख प्रशासकीय अधिकृत)
फ्याक्स नं.: +९७७-१-४२६८५०९, ईमेलः kmcmayor@mos.com.np, mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं. ८४१६, काठमाडौं, नेपाल, वेभसाइटः www.kathmandu.gov.np